# आकाशवाणी

02nd October 2026

## मुख्य समाचार

- गान्धी जयन्तीमा महात्मा गान्धी र लालबहादुर शास्त्रीप्रति श्रद्धाञ्जली।।
- प्रधानमन्त्री मोदीद्वारा साहसी पाइलट स्मित मच्छरसँग कुराकानी।।
- पुटिनद्वारा प्रधानमन्त्री मोदीको शान्ति प्रयासको प्रशंसा।।
- पियुष गोयलद्वारा व्यापार सम्बन्ध विस्तारमा जोड।।
- सांसद इन्द्रहाङ सुब्बाद्वारा सिक्किमका रेल परियोजनालाई प्राथमिकता दिन आग्रह।।

## राष्ट्रपिता महात्मा गान्धी

राष्ट्रले आज राष्ट्रपिता महात्मा गान्धीको 157औँ जन्मजयन्तीका अवसरमा उहाँप्रति श्रद्धाञ्जली अर्पण गरेको छ। नयाँ दिल्लीस्थित राजघाटमा आयोजित सर्वधर्म प्रार्थना सभामा राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी. राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदी, लोकसभा अध्यक्ष ओम बिरलालगायतले महात्मा गान्धीको समाधिमा पुष्प अर्पण गर्नुभयो। प्रधानमन्त्री मोदीले महात्मा गान्धीको जीवन सत्य, अहिंसा, करुणा र सेवाको प्रेरणाको स्रोत रहेको बताउनुभएको छ। उहाँले गान्धीजीका आदर्शले देशलाई राम्रो समाज र विकसित भारत निर्माणको दिशामा मार्गदर्शन गरिरहने विश्वास व्यक्त गर्नुभयो। यसैबीच, पूर्वप्रधानमन्त्री लालबहादुर शास्त्रीको 122औँ जन्मजयन्तीमा पनि उहाँप्रति श्रद्धाञ्जली अर्पण गरिएको छ। प्रधानमन्त्री मोदीले नयाँ दिल्लीस्थित विजयघाटमा शास्त्रीजीको समाधिमा पुष्प अर्पण गर्नुभयो। शास्त्रीजीको जन्म 2 अक्टोबर 1904 मा उत्तर प्रदेशको मुगलसरायमा भएको थियो।

## प्रधानमन्त्री नरेन्द्र मोदी

प्रधानमन्त्री नरेन्द्र मोदीले फ्लाईदुबई विमानमा सहपाइलटको आक्रमण विफल पारेर 180 जनाको ज्यान बचाउने भारतीय पाइलट कप्तान स्मित मच्छरसँग आज कुराकानी गर्नुभएको छ। कप्तान मच्छरले घटनाका क्रममा आफूले भोगेको अनुभव र साहस जुटाउन सहयोग गरेको विषयमा प्रधानमन्त्रीलाई जानकारी गराउनुभयो। प्रधानमन्त्री मोदीले कप्तान मच्छरको साहसको प्रशंसा गर्दै उहाँको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभयो।

## केन्द्रीय गृहमन्त्री अमित शाह

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेन द्वन्द्वको शान्तिपूर्ण समाधान खोज्न प्रधानमन्त्री नरेन्द्र मोदीले गरिरहेको प्रयासको प्रशंसा गर्नुभएको छ। उहाँले प्रधानमन्त्री मोदीले वार्ताका क्रममा युद्ध अन्त्य गर्ने विषय नियमित रूपमा उठाउने र शान्तिपूर्ण समाधानमा विशेष चासो देखाउने बताउनुभयो। यसैबीच, केन्द्रीय गृहमन्त्री अमित शाहले राष्ट्रपति पुटिनको भनाइले प्रत्येक भारतीयलाई गर्व भएको बताउनुभएको छ। उहाँले युद्ध र द्वन्द्वको समयमा पनि प्रधानमन्त्री

मोदीले समस्या युद्धभूमिबाट नभई संवाद र कूटनीतिबाट समाधान गर्नुपर्ने सन्देश दिँदै आएको बताउनुभयो। श्री शाहले भारतले 'वसुधैव कुटुम्बकम्'को भावनाअनुसार संकटका समयमा सहयोग गर्दै आएको पनि उल्लेख गर्नुभयो।

उद्योगमन्त्री पियुष गोयल

वाणिज्य तथा उद्योगमन्त्री पियुष गोयलले अमेरिकामा आयोजित जी–20 व्यापार मन्त्रीहरूको बैठकको अवसरमा फ्रान्स, क्यानडा, साउदी अरब र दक्षिण कोरियाका समकक्षीसँग भेटवार्ता गर्नुभएको छ। भेटमा द्विपक्षीय व्यापार तथा लगानी सम्बन्ध विस्तारबारे छलफल भएको छ। वार्तामा भारत–युरोपेली संघ व्यापार सम्झौता अघि बढाउने, भारत–क्यानडा आर्थिक साझेदारी सम्झौताको वार्ता तीव्र बनाउने तथा भारत–खाडी सहयोग परिषद् व्यापार सम्झौतामा प्रगति गर्ने विषयमा छलफल भएको छ। दक्षिण कोरियासँग व्यापार विस्तार, बजार पहुँच र भारतमा लगानी बढाउने विषयमा पनि छलफल भएको छ।

सिक्किमका लोकसभा सांसद डा. इन्द्रहाङ सुब्बा

सिक्किमका लोकसभा सांसद डा. इन्द्रहाङ सुब्बाले नयाँ दिल्लीमा रेलमन्त्री अश्विनी वैष्णवसँग भेट गरी सिक्किमसँग सम्बन्धित प्रमुख रेल परियोजनाबारे छलफल गर्नुभएको छ। उहाँले राङ्पो–रानीपुल रेलमार्गलाई प्राथमिकताका साथ स्वीकृति र कार्यान्वयन गर्न आग्रह गर्नुभयो। सांसद सुब्बाले प्रस्तावित मेल्ली–डेन्टाम रेलमार्गको जारी सर्वेक्षणलाई पनि तीव्र बनाउन आग्रह गर्नुभयो। उहाँले रेल पूर्वाधारले सिक्किममा यातायात, व्यापार, पर्यटन र रोजगारीका अवसर विस्तार गर्दै राज्यको आर्थिक विकासमा योगदान पुऱ्याउने बताउनुभयो ।

ताजा समाचारको हरेक अपडेटसँग जोडिनुहोस्—हाम्रो आधिकारिक एक्स ह्यान्डल @A.i.r underscore gangtok र फेसबुक पेज Akashvani News Gangtok लाई फलो गर्न नबिर्सनुहोस्।

भोलि देशभर विशेष ग्राम सभा

केन्द्रीय अर्थमन्त्री निर्मला सीतारमणले आन्ध्र प्रदेशको रेयालसीमा क्षेत्रमा प्रस्तावित ग्लोबल हर्टिकल्चर हबले बागवानी क्षेत्रलाई मजबुत बनाउँदै किसानका लागि थप अवसर सिर्जना गर्ने बताउनुभएको छ। उहाँले आज अन्नमय्या जिल्लाको मदनपल्लेमा ग्लोबल हर्टिकल्चर हब र इन्डियन स्कुल अफ एग्रिकल्चरको शिलान्यास गर्नुभयो। उहाँले किसानको आम्दानी बढाउन आधुनिक प्रविधि, राम्रो पानी व्यवस्थापन र पूर्वाधारमा जोड दिनुभयो। ग्लोबल हर्टिकल्चर

हबले 10 जिल्ला समेट्नेछ र आँप, केरा, टमाटर तथा अनारजस्ता बालीलाई प्रवर्द्धन गर्नेछ। करिब 1 लाख करोड रुपैयाँको अनुमानित लगानीमा परियोजना तीन चरणमा कार्यान्वयन गरिनेछ।

मनोज गोयल

खादी तथा ग्रामोद्योग आयोगका अध्यक्ष मनोज गोयलले गान्धी जयन्तीको अवसरमा नयाँ दिल्लीमा खादी महोत्सवको उद्घाटन गर्नुभएको छ। यस अवसरमा देशभर विशेष अभियान पनि सुरु गरिएको छ, जुन 16 नोभेम्बर 2026 सम्म सञ्चालन हुनेछ। अभियानअन्तर्गत खादीका उत्पादनमा 20 प्रतिशत र ग्रामोद्योगका उत्पादनमा 10 प्रतिशतसम्म छुट दिइनेछ। आकाशवाणी समाचारसँग कुरा गर्दै अध्यक्ष गोयलले पछिल्ला 12–13 वर्षमा खादीको व्यापार 2 लाख करोड रुपैयाँभन्दा बढी पुगेको र युवामाझ खादी फेसनको हिस्सा बन्दै गएको बताउनुभयो। उहाँले विकसित भारतको लक्ष्य हासिल गर्न खादीले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

जनसेवाबाट देशसेवा

प्रधानमन्त्री नरेन्द्र मोदीले सार्वजनिक सेवामा 25 वर्ष पूरा गर्नुभएको छ। 'जनसेवा नै देशसेवा'को भावनाका साथ उहाँको सार्वजनिक यात्रा अघि बढिरहेको छ। सुशासन र समावेशी विकासमार्फत सन् 2047 सम्म विकसित भारत निर्माणको लक्ष्यतर्फ सरकार निरन्तर काम गरिरहेको छ। यस यात्रामा 'मन की बात' कार्यक्रमले पनि महत्वपूर्ण भूमिका खेलेको छ। आकाशवाणीबाट मासिक रूपमा प्रसारण हुँदै आएको यस कार्यक्रमले आम नागरिकका प्रेरणादायी कार्य, सरकारी योजना र स्वच्छता, पानी तथा आत्मनिर्भरताजस्ता विषयलाई सरल भाषामा देशसामु प्रस्तुत गर्दै आएको छ। अप्रिल 2023 मा 'मन की बात'को 100औँ संस्करणमा प्रधानमन्त्री मोदीले कार्यक्रमसँग जोडिएका विभिन्न विषय र पहलहरू जनआन्दोलनमा परिणत भएको बताउनुभएको थियो।

सेवा संकल्प अभियान

गोवाको पोन्डामा 'सेवा संकल्प अभियान'अन्तर्गत कृषि, आत्मनिर्भरता र महिला सशक्तीकरणसम्बन्धी कार्यक्रम आयोजना गरिएको छ। केन्द्रीय कृषिमन्त्री शिवराज सिंह चौहानले गोवाका करिब 6 हजार 'लखपति दीदी'लाई आर्थिक गतिविधि विस्तार गर्न सहयोग गरिने बताउनुभयो।

मुख्यमन्त्री प्रमोद सावन्तले राज्यमा कृषि उत्पादनलाई नयाँ पहिचानका रूपमा विकास गरिँदै आएको बताउनुभयो। कार्यक्रममा 'गोवा फ्रेश' ब्रान्ड सुरु गर्नुका साथै किसान र स्वयं सहायता समूहलाई विभिन्न सहयोग प्रदान गरिएको थियो।

भारत मौसम विभाग

भारत मौसम विभागले आज अरुणाचल प्रदेशमा भारी वर्षा हुने सम्भावना रहेको जनाएको छ। आगामी 24 घण्टामा पञ्जाब, हरियाणा, राजस्थान, उत्तर प्रदेश तथा गुजरात र मध्य प्रदेशका अधिकांश भागबाट दक्षिणपश्चिम मनसुन थप फिर्ता हुने अवस्था अनुकूल बन्ने विभागले जनाएको छ। मौसम विभागका अनुसार आन्ध्र प्रदेश, केरल, माहे, उपहिमाली पश्चिम बंगाल र सिक्किममा भोलिसम्म मेघगर्जन र चट्याङसहित वर्षाको सम्भावना रहनेछ। आन्ध्र प्रदेशमा आगामी दुई दिन तीव्र सतही हावा चल्ने सम्भावना पनि रहेको छ।

एसियाली खेलकुद

एसियाली खेलकुदको 13औँ दिन भारतले हक्की, बक्सिङ, कुस्ती र तीरन्दाजीमा 6 स्वर्णसहित कुल 8 पदक जितेको छ। महिला हक्की टोलीले चीनलाई 1–0 ले हराउँदै 44 वर्षपछि स्वर्ण जितेको हो। यससँगै भारतको कुल पदक संख्या 76 पुगेको छ, जसमा 16 स्वर्ण, 25 रजत र 35 कांस्य छन्। राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमन्त्री नरेन्द्र मोदीले पदक विजेता खेलाडीलाई बधाई दिनुभएको छ।

मुख्य समाचार फेरि एकपल्ट

- गान्धी जयन्तीमा महात्मा गान्धी र लालबहादुर शास्त्रीप्रति श्रद्धाञ्जली।।
- प्रधानमन्त्री मोदीद्वारा साहसी पाइलट स्मित मच्छरसँग कुराकानी।।
- पुटिनद्वारा प्रधानमन्त्री मोदीको शान्ति प्रयासको प्रशंसा।।
- पियुष गोयलद्वारा व्यापार सम्बन्ध विस्तारमा जोड।।
- सांसद इन्द्रहाङ सुब्बाद्वारा सिक्किमका रेल परियोजनालाई प्राथमिकता दिन आग्रह।।